प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १५ अङ्क २ पूर्णाङ्क ८० विधाकेन्द्रित साहित्यिक पत्रिका २०७९ असार-साउन

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M jÈhoGtLdf k|sflzt /rgfsf] ;DkÚf{lhDd]jf/ :jod\n]vs g}x'g\]5g\.

# सम्पादकीय

● नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

● नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि आठ सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

● कविता साहित्यको सर्वप्रिय विधा हो । कविता अन्तर्गत छन्द, मुक्त छन्द, गीत, गजल, मुक्तक, हाइकु, तान्का आदि अनेक छन् । आजकल हाइकु कविताको बाढी लागेको देखिन्छ तर साङ्केतिक वर्ण भएका एक शब्दमा एक वाक्य हुने ५-७-५ को संरचनामा बुनिने जापानिज हाइकुलाई अनेक वर्ण जोडेर एक वाक्य बन्ने नेपाली भाषा-व्याकरणले ५-७-५ वर्णको संरचनाले कति भाव ओगट्न सक्छ ? यो बहसको विषय छ । कतै हाइकु जसले लेख्यो त्यसैले मात्र बुझ्ने कविताको प्रविधा त भइरहेको छैन ? यसतर्फ हाइकु लेखक सचेत हुन जरुरी छ ।

● वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

● वैजयन्तीको ८० औं अङ्कका लागि ६१ ओटा हाइकु अर्थात् पाँच-सात-पाँच वर्णका तीन हरफे कविताहरू प्राप्त भएका छन् । वैजयन्तीले हाइकु अङ्क यो ८० अङ्कमा पहिलो पल्ट प्रकाशन गरेको छ ।

● आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ ।

● वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

हाइकु-१, संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, गीत-१,
नाटक/एकाङ्की-२, विदेशयात्रा-२, मुक्तक-४, गजल-४, लघुकथा-४,
स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-७, संस्मरण-७, गद्यकविता-७, निबन्ध-८
समीक्षा-८, छन्दकविता-१२ ओटा अङ्कहरू निकालिसकेको
साहित्यिक पत्रिका **वैजयन्ती**को
८१ औं अङ्क **लघुकथा-अङ्क-५** आउनेछ ।



## यस अङ्कमा


| क्रम कसको | पृष्ठ | क्रम कसको | पृष्ठ |
|---|---|---|---|
| १. अनुग्रह राना मगर 'पुष्प' | ५ | ३२. मञ्जु काँचुली | ३६ |
| २. अरुणबहादुर खत्री 'नदी' | ६ | ३३. मधुसूदनप्रसाद घिमिरे | ३७ |
| ३. आनन्द पौड्याल | ७ | ३४. मुकुन्द शर्मा चालिसे | ३८ |
| ४. आर्त अकुलीन | ८ | ३५. मुरारीराज मिश्र | ३९ |
| ५. इन्दु पन्त | ९ | ३६. म्यामराज राई | ४० |
| ६. एलपी पराजुली | १० | ३७. रमेश भट्टराई 'सहृदयी' | ४१ |
| ७. कर्णदयाल 'सोराडी' | ११ | ३८. रमेश प्रभात | ४२ |
| ८. कलानिधि दाहाल | १२ | ३९. रमेश समर्थन | ४३ |
| ९. किशन पौडेल | १३ | ४०. राजेन्द्र पहाडी | ४४ |
| १०. कृष्ण बजगाईं | १४ | ४१. राजेन्द्र प्रधान 'पासा' | ४५ |
| ११. कृष्ण बाउसे | १५ | ४२. रामचन्द्र भट्टराई | ४६ |
| १२. खियामा राई | १६ | ४३. रासा | ४७ |
| १३. गङ्गा आचार्य सापकोटा | १७ | ४४. लक्ष्मण थापा | ४८ |
| १४. गणेश नेपाली | १८ | ४५. डा. लेखप्रसाद निरौला | ४९ |
| १५. डा. घनश्याम परिश्रमी | १९ | ४६. वसन्त अनुभव | ५० |
| १६. चूडामणि नेपाल 'अकिञ्चन' | २० | ४७. वासुदेव ठकुरी | ५१ |
| १७. ठाकुर शर्मा भण्डारी | २१ | ४८. विनयकुमार शर्मा नेपाल | ५२ |
| १८. तिलस्मी प्रभास | २२ | ४९. विनीत ठाकुर | ५३ |
| १९. दिव्य गिरी | २३ | ५०. विनोद नेपाल | ५४ |
| २०. देवराज कार्की 'मिलन' | २४ | ५१. विष्णु दाहाल | ५५ |
| २१. नन्दलाल आचार्य | २५ | ५२. शर्मिला खड्का दाहाल | ५६ |
| २२. नर पल्लव | २६ | ५३ शर्मिला तिमल्सिना | ५७ |
| २३. नारायणकैलाश सिग्देल | २७ | ५४. शान्ति अधिकारी पोखरेल | ५८ |
| २४. नारायण खनाल | २८ | ५५. श्यामप्रसाद न्यौपाने | ५९ |
| २५. निर्मलरमण पराजुली | २९ | ५६. श्याम माकजु | ६० |
| २६. नेत्रबहादुर श्रेष्ठ | ३० | ५७. श्रीकृष्ण शर्मा | ६१ |
| २७. पूर्णराम मुनंकर्मी | ३१ | ५८. श्रीराम स्वधर्म | ६२ |
| २८. प्रमोद स्नेही | ३२ | ५९. सुनील पुरी | ६३ |
| २९. प्रीति आत्रेय ज्ञवाली | ३३ | ६०. हरिशरण ढुङ्गाना | ६४ |
| ३०. बाबुराम पोखरेल | ३४ | ६१. हंसा कुर्मी | ६५ |
| ३१. भुवन शिवाकोटी 'चौघरे' | ३५ | | |


## स्थायी स्तम्भ


**आवरण चित्र :** इन्दु पन्त, काठमाडौं

**पुछारको पातो :**

हाइकु लेखन : सङ्क्षिप्त अवलोकन — डा. लेखप्रसाद निरौला ६६

शब्दार्थ प्रकाशनका पसलहरू : ७३

शब्दार्थ प्रकाशनका पुस्तकहरू : ७६

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाईं (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |

**अब हाम्रो पालो**

हाइकु, लघुकथा, विदेश यात्रा आदि अङ्क।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।



## अनुग्रह राना मगर 'पुष्प'

१.
उदायो सूर्य
लाली छर्दै बिहानी
आनन्द मन।

२.
सेतो कञ्चन
सगरमाथा हिउँ
अटल मन।

३.
रूमाल किनी
सम्झना स्वरूप छ
दिएको माया।

४.
रूखको छायाँ
छ शितलु माया
आनन्द झन् भन्।

५.
झरेर पानी
रमाइलो झरना
बनेको छ नि।

६.
वनको चरी
रमाउँदै वनमा
हर्ष मनमा।

७.
बोकेर भारी
उकालोमा हिंडेको
पसिना पुछ्दै।

८.
नक्कल पार्दै
लगाएर गाजल
सान्नानी कता ?

९.
आदर्श बोकी
ज्ञान छर्न हिंडेको
बोकेर झोला।

१०.
शिक्षाको ज्योति
फैलाउँदै संसार
उज्यालो छर्दै।

११.
बालेर दियो
अन्धकार हटाई
प्रकाश छर।

१२.
दिमागी कुरा
चलायमान राख
हुनेछ पूरा।

१३.
देखिन्छ हेर्दा
रमाइलो शहर
डाँडाको घर।

१४.
उनेको माला
सयपत्री फूलको
सम्बन्ध गाढा।

**संखुवासभा, हाल : मलेसिया।**

## अरुणबहादुर खत्री 'नदी'

१.
छोटो जिन्दगी
खुसी भएर बाँच्ने
चाहना मेरो ।
२.
चारा खोजेर
बचेरालाई लान्छे
राम्री भँगेरी ।
३.
तोरीको फूल
कति राम्रो फुलेछ
हरा र भरा ।
४.
पिजडाभित्र
सुगा थुनिएको छ
उड्न पाएन ।
५.
हावा र पानी
सबैलाई चाहिन्छ
सधैंभरि नै ।
६.
पैसाले सुख
पाउन सकिँदैन
शरीर पोल्छ ।
७.
अगाडि बढौं
देश विकास गर्न
सबै नेपाली ।
८.
थुपार्छन् रस
दिन रात नभनी
माहुरीहरू ।
९.
बूढो रूखमा
बाँदर चढिदियो
आहारा खोज्न ।
१०.
जीवन धान्न
कठिनाइ परेछ
महङ्गी हुँदा ।
११.
मेरो कुकुर
घरको रक्षा गर्छ
गर्दैन खती ।
१२.
सोझा जनता
बाँच्न गाह्रो छ यहाँ
दुःखी जीवन ।
१३.
तिम्रो प्रतीक्षा
गरिरहन्छु मैले
एक्लो भएर ।
१४.
पानी बगेन
खोला सुकेर गयो
माछा हराए ।

**सामाखुसी मार्ग, काठमाडौं ।**



## आनन्द पौड्याल

१
सर्वोच्च चुली
प्रकृतिको सानमा
गर्वानुभूति ।
२
अग्रणी सोच
विलक्षणको बुद्धि
ऐयासी बन्यो ।
३
शब्द शब्दमा
बृहत् अर्थभावको
ओजिलो दृश्य ।
४
घर नहुँदा
अन्यत्री प्रवेशले
चुर बनायो ।
५
स्वार्थ भावले
विवेक शून्य हुँदा
के कसो होला ?
६
सङ्घर्षशील
विचारानुभूतिले
ह्वात्तै नतिजा ।
७
प्रकृति हस्के
विपत्तिको ओइरो
स्तब्ध बनायो ।
८
परिचितले
सहानुभूति गर्दा
आँसुको भेल ।
९
चट्टानी दिल
सयौं अधुरा काम
इन्द्राय स्वाहा ।
१०
चिन्तन हुँदा
गुरु मन्त्रोपदेश
फुरेको फुरै ।
११
ज्ञानको निम्ति
जुर्मुराउँदै उठ्दा
उच्च नतिजा ।
१२
दैवी हृदय
मर्मज्ञ आँसु भेल
बल्झायो घाउ ।
१३
अमिलो शब्द
भाव परिवर्तन
मुखै रसायो ।
१४
अपनत्वले
दूरदृष्टि राख्नेको
सह अस्तित्व ।

**नवजागृति, काठमाडौं ।**

## आर्त अकुलीन

१
नीलो आकाश
जिन्दगी घाम छाया
अमूल्य माया ।
२
उच्च शिखर
ढकमक गुराँस
मीठो आभास ।
३
सारा जिन्दगी
दुई दिने चोला यो
मरे खोला हो ।
४
माटोको माया
शहीदको सपना
सुन्दर छाया ।
५
मेची र काली
शहीदले उघारे
बिहानी लाली ।
६
बोट लगाए
नेपाली माटो बीच
फूल फुलाए ।
७
तीते करेली
खाएर नै होला कि
झिम्के परेली ।
८
चिसो बतास
गाउँघर दुनियाँ
सारा हतास ।
९
पीपल बोट
पक्षी सारा उडेका
लाएर खोट ।
१०
मनको चोट
पहराको कहानी
एक्लो परानी ।
११
कालीको तीर
बगरमा सालिक
मनमा पीर ।
१२
गोधूलि साँझ
चारैतर्फ भमरा
फूलको माझ ।
१३
नीलो गगन
जून तारा रमाए
खुसी मनाए ।
१४
फुल्यो पलाँस
सुगन्धविना पनि
भयो तमास ।

**देवाश्रम, कैलाली ।**



## इन्दु पन्त

१
चन्द्र धर्तीमा
रजनीको प्रहर
ब्रह्म कमल ।
२
अधर प्यासी
अश्रुमय नयन
अशक्त देह ।
३
मीठो मुस्कान
शीतल अनुभूति
प्रेम प्रकट ।
४
वसन्ती मेला
वनभरि गुँरास
यौवनजस्तै ।
५
पसिना छर्नु
गतिशील विकास
जीवन धन ।
६
मधुरो दीप
एक जोडी शरीर
प्रेम संवाद ।
७
नीलो आकाश
पखेटा फिजाउँदै
स्वतन्त्र यात्रा ।
८
खाल्टे सडक
वर्षात्को यो समय
अन्धो चालक ।
९
धेरै मालिक
अव्यवस्थित घर
अशान्त मन ।
१०
सुन्दर तन
कर्महीन जीवन
निसार जन ।
११
पवित्र स्थान
सत्कर्मको भावना
सफल योग ।
१२
अनौठो रोग
आतङ्कित समाज
अनभिज्ञता ।
१३
गोरेटो दुई
मझधारमा मन
जानु छ कता ?

**चण्डोल, काठमाडौं ।**

## एलपी पराजुली

१.
खुल्यो आकाश
वर्षापछि बिहानै
पारिलो घाम।
२.
हेमन्ती रात
जूनमा तातो खोज्दै
घायल मुटु।
३.
घामले हेऱ्यो
लजाएछ हिमाल
पसिना झऱ्यो।
४.
शीतको वर्षा
हिउँदको बिहानी
टल्कियो मोती।
५.
डम्म तुवाँलो
अदृश्य परिदृश्य
लुक्यो आकाश।
६.
हिउँदे झरी
गुँड भत्केको चरी
बाँच्ने कसरी ?
७.
मुटु जलाई
हिउँको शीतलता
आश मलाई।
८.
सुवास खोजें
नजरको बिराम
पलाँस रोजें।
९.
हिमाल हेर्ने
लजाउँदै पहाड
चौबन्दी फेर्ने।
१०.
झुल्किए घाम
उत्तरमा हिमाल
देखिए लाम।
११.
हिमाली हावा
आरोहीको मुटुमा
खाँदै छ कावा।
१२.
सूर्यको लाली
छल्कियो अधरमा
लजाई काली।
१३.
सपना बुनी
यही हिमाल मुनि
कट्ने भो जुनी।
१४.
धन्य प्रकृति
अनुपम सौन्दर्य
अद्‌भुत रूप।

**कपन, काठमाडौं ।**



## कर्ण दयाल 'सोराडी'

१.
किन हो हल्ला
मौन अवधिभित्र
तिम्रो टोलमा ?
२.
चुनाव आयो
गठबन्धन गरी
पद जोगायो।
३.
कालो गएर
फरक यत्ति भयो
गोरो चम्कियो।
४.
के आस गर्नु
इमान गुमाएको
शासकबाट।
५.
दल बदल
प्रतियोगिता चल्छ
हरेक वर्ष।
६.
न धर्म रह्‌यो
न त धन नै रह्‌यो
कसै कसैको।
७.
हरियो घाँस
देखाएर त हो नि
घाँटी छिनाल्ने।
८.
विकास पनि
कुखुरालाई चारो
छरेको जस्तो।
९.
आफू र आफ्नो
बाहेक अरू सबै
नराम्रा देख्ने ?
१०.
गाउँमा भन्थे
नाच्न नजान्नेलाई
आँगन टेडो।
११.
खोलाको पानी
बगरको बालुवा
होला त मूल्य ?
१२.
फोन आएर
हुलाक हराएको
हो कि सायद।
१३.
नेता चुनेर
के पायौ नभन्नु है
लोकतन्त्रमा।
१४.
यस्तै रहन्न
रीति फेरिन्छ मात्र
पर्ख र हेर।

**मेलौली न.पा-७, बैतडी ।**

## कलानिधि दाहाल

१.
मन नै महान्
वनबारी यो भए
विश्व जहान ।

२.
उदर खोक्रो
चट्याङ् परेजस्तै
रूखको बोक्रो ।

३.
झरी झम्केको
महफिलभन्दा छ
धरा चम्केको ।

४.
दुष्यन्त राजा
झरी वन उनले
प्रेम जगाए ।

५.
इन्द्रधनूष
सौन्दर्यको पटुकी
घामपानीमा ।

६.
वर्षा याम यो
मजामजा सारै नै
जादूतिलस्मी ।

७.
पूर्वी क्षितिज
पहिलो ज्योतिको यो
उजेलो जग ।

८.
अन्धकारमा
झिल्का बाँडी चेतना
प्रमेथियन ।

९.
बाढ गङ्गामा
धमिलो पानी चुह्यो
वर्षायामको ।

१०.
साना शिखर
साहसखानी मन
बैंसालु बेला ।

११.
उन्माद रस
ऊर्जाको उठबस
जीवन्त यात्रा ।

१२.
डुक्रेको गोरु
भीरको चिप्लो बाटो
भित्रिया मान्छे ।

१३.
गलामा कला
सौन्दर्यका यी थला
सिर्जना रूप ।

१४.
अगाध आस्था
यात्राडोव अनन्त
काव्य उच्छाल ।

**काठमाडौं ।**



## किशन पौडेल

१.
बलेंसीबाट
मनको मझेरीमा
तप्कियो आँसु ।

२.
टप्प तर्कियो
कर्कलो पातबाट
बैगुनी थोपा ।

३.
चाँदनी रात
मनको आकाशमा
शरद् पो फुल्यो ।

४.
गोधूलि साँझ
बादलको आकृति
तिम्रो सम्झना ।

५.
मसानघाट
अवसानको घर
सर्वसुलभ ।

६.
अन्तिम युद्ध
एक्लै लड्नुपर्छ
मृत्यु शैयामा

७.
जीवन यात्रा
अन्तिमको गन्तव्य
चिहानसम्म ।

८.
फैलिरहेछ
आँसुको पोखरीमा
कुम्भी लहरा ।

९.
सुनामी छाल
आँखामा टिलपिल
मनको पीडा ।

१०.
मोहनी रूप
कङ्क्रिटको शहर
चिडियाखाना ।

११.
बारुलो रम्छ
फूलहरूको बैंस
ओइली झर्छन्

१२.
जून उदायो
शरद्को पूर्णिमामा
फूल रूँदै छ ।

१३.
ईश्वर मौन
मनको मन्दिरमा
खुल्ला छ ढोका ।

१४.
गोहीको आँसु
आँखामा टिलपिल
प्यासी अधर ।

## कृष्ण बजगाईं

१.
पहेँलो सारी
पुलकित धरती
तोरीको फूल ।
२.
गुलाबी गाला
वासनाको पसल
धूर्त व्यापारी ।
३.
पातको स्मृति
हरियाली सपना
स्वप्न सुन्दरी ।
४.
हिमाली हावा
निर्जीव हरियाली
नाङ्गो पहाड ।
५.
निर्वस्त्र धरा
तरूनी संवेदना
स्खलित रात ।
६.
वर्षाको मन
धरतीको वदन
तीव्र स्खलन ।
७.
रात्री उत्सव
उनको आगमन
मूर्च्छित इच्छा ।
८.
निर्लिप्त मन
समाधिस्थ सपना
मूर्दा शान्ति ।
९.
मनको घर
खण्डहर सपना
एकान्तवास ।
१०.
रकेट मन
प्रक्षेपित सपना
अवतरण ।
११.
हिउँको पर्व
पहाडको शरीर
सेतो हिमाल ।
१२ं
प्रेमको ऋतु
पराजित विश्वास
आँसीको रात ।
१३.
मनको वीणा
खण्डहर हृदय
विरही राग ।
१४.
व्याकुल धरा
अभागी वनफूल
वन डढेलो ।

**बेलायत ।**



## कृष्ण बाउसे

१.
तीनजुरेमा
गुराँसको मुस्कान
वासन्ती प्रेम ।
२.
प्रकृति रानी
हरित शृङ्गारमा
रूपै मोहिनी ।
३.
धुवाँ-धुलोले
पिरोलिएका प्रेमी
आाकाश-धर्ती ।
४.
मुस्कुराएन
बिहानीको आकाश
मुर्झायो आस ।
५.
घाम भन्नु छ
धुलोको घुम्टोभित्र
लुकी रूँदो छ ।
६.
प्रदूषण छ
वसन्तको हरण
कसरी टर्छ ?
७.
नीलो नभमा
धुवाँधुलोको नृत्य
त्रासद दृश्य ।
८.
नगरपिता
निर्लज्ज मुस्काउँछ
दुर्गन्धी मुख ।
९.
के थियो त्यस्तो
बादलु घडाभरि ?
खुशी वर्षियो ।
१०.
वन घरै हो
थरीथरीका रूख
मिलेर बस्छन् ।
११.
वृद्ध आश्रम
एकान्तको ओडार
गान गन्थन ।
१२.
मान्छे र युद्ध
नङ र मासुजस्ता
कुरा शान्तिको ।
१३.
अरूका बच्चा
ठुङ्दै हुन्छ परेवा
लाजै मर्नु छ ।
१४.
असिना पऱ्यो
आकाशको मयल
सिनितै भयो ।

## खियामा राई

१.
देशको चिन्ता
कसैलाई भएन
विकास छैन ।

२.
सगरमाथा
नेपालमा भनेर
विश्वले भन्छ ।

३.
हरियाली छ
मेची-महाकाली नै
सौन्दर्य सुधा ।

४.
सेतो हिमाल
हाँसिरहेको हुन्छ
दाँत देखाई ।

५.
नीलो गगन
चाँदनीको उज्यालो
अवर्णनीय ।

६.
रमाइला छन्
पाखा पखेरा मेरा
गाउँका सबै ।

७.
मलाई लाग्छ
मेरो देश स्वर्ग हो
धर्तीको यौटा ।

८.
बेचेर खाए
सिङ्गै नेपाल आज
आफ्नै छोराले ।

९.
चोर दलाल
मात्रै छन् यो देशमा
लुटेर खाने ।

१०.
भ्रष्टाचारीले
भित्रभित्रै खाएर
देश रित्तियो ।

**साकेला-५ मात्तिम, खोटाङ ।**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।



## गङ्गा आचार्य सापकोटा

१.
हारमा पनि
जितको अनुभव
श्रद्धालु मन ।

२.
ऊ फेरि आयो
सपना देखाउन
आँखा अगाडि ।

३.
सदाबहार
सम्झनाको बोट
हृदयभित्र ।

४.
प्रेम सागर
अथाह फराकिलो
जानी नसक्नु ।

५.
फूल सम्झेर
पुज्दापुज्दै पत्थर
समय चुह्यो ।

६.
फुलेका केश
चाहुरिएको छाला
बैंसालु मन ।

७.
सिपालु छन्
गोहीको आँसु झार्न
अवसरवादी ।

८.
आँसुको फूल
सिरानीको छातीमा
फुलेको फुल्यै ।

९.
यादको खोलो
नाडीदेखि नशामा
दौडिरहने ।

१०.
पानीको फोका
मानिसको जीवन
व्यर्थको दम्भ ।

११.
जरो न टुप्पो
लहराउँछन् निकै
बेतुक कुरा ।

१२.
मृत्युको गन्ध
उमार्न बाध्य छ
विचरा माटो ।

१३.
चस्किरहन्छ
चोइटिएको मुटु
मायाको घाउ ।

१४.
कोमल मन
शब्दका प्रहारले
बन्यो पत्थर ।

**बागलुङ, हाल : काठमाडौं ।**

## गणेश नेपाली

१.
दैवको खेल
दोषी अर्कै भए नि
परियो जेल।

२.
नेताको बोली
आज जस्तो चेपारे
हुँदैन भोलि।

३.
नमाने शर्म
देखिन्छ एक दिन
पाप र धर्म।

४.
सबै त्यागेर
हिँडियो घरबाट
दुवै भागेर।

५.
थापेर पासो
अरूको त्यो दुःखमा
निकाल्यो हाँसो

६.
चुनावी मेलो
भोज भतेरसँगै
पैसाको खेलो।

७.
उहीँ हो पारा
नानीदेखिको बानी
देखियो सारा।

८.
छोइँदा पानी
खाँदाखाँदै कुटाई
ढलिन् ती नानी।

९.
मान्छेको चोला
भनेको जस्तो यहाँ
कहिले होला।

१०.
गरेर मस्ती
परिवार र श्रीमान्
बिर्सने कस्ती।

११.
कुकुरभित्र
मान्छेलाई छेकिन्छ
कस्तो विचित्र ?

१२.
कस्तो हो फुर्ती
विचरा शहीदको
फुटाले मूर्ति।

१३.
रगत रातै
भेदभाव देख्दा त
गयो नि सातै।

१४.
छेक्ने पँधेरो
चलनचल्ती देख्दा
मनै अँध्यारो।

**बगनासकाली-१, बगनास, पाल्पा ।**



## डा. घनश्याम न्यौपाने 'परिश्रमी'

१.
हरियो खोजी
बाटोमा यताउता
सिस्नोको घारी।

२.
पानीको धारा
तिर्खा लुकेका आँखा
अँध्यारो बस्ती।

३.
हाँसेर उठे
आँसुभित्र परेला
भिजेको इच्छा।

४.
निभेको आगो
न धुँवा, न तातो छ
अस्तित्व भाग्यो।

५.
बिस्तराभित्र
चिसो पसेको हो कि
तातो रुँदै छ।

६.
चिसो सपना
अँध्यारोमा ब्युझिन्छ
भ्यागुतोजस्तै।

७.
कालोपत्रेमा
हिँडिरहेका सर्प
गन्तव्य भेट्न।

८
जाडोको ऋतृ
घाममा फिँजारेको
तोरीको बिउ।

९.
हरियो पाखो
विनावृक्षको चित्र
दृष्टि पहेँलो।

१०.
मलिलो माटो
पसिनाको सिँचाइ
भोकै बसेको।

११.
कतै लुकेछ
उडेको हावाजस्तै
बगेको पानी।

१२.
हरियालीमा
पहेँलो मिसिएको
नीलो पोखरी।

१३.
खुसी देखिन्छ
ढुङ्गाको सहारामा
माटाको भित्ता।

१४.
फुस्रो हिउँमा
चिसा खुट्टा हिँड्दै छन्
खुसीको लागि।

**बर्दघाट ।**

## चूडामणि नेपाल 'अकिञ्चन'

१.
विन्ति छ मेरो
हूँ भनें नागरिक
कुन हो देश ?

२.
भय र भोक
स्नेह परिवारको
तड्पिन्छ याद ।

३.
मर्छु कालीमा
हाम फालेर
आफ्नै माटोमा ।

४.
सपना घर
सुस्ताउ केही क्षण
अनन्त यात्रा ।

५.
छ आफैभित्र
झिलमिल महल
बत्ती बाल त !

६.
लड्न तयार
नेपाली को छौं हामी ?
लिपुलेकमा ।

७.
म लिलिपुट
समाएर इन्द्रेणी
स्वर्ग यात्रामा ।

८.
चरू अग्निमा
परिवेश किटाणु
ॐ नमः स्वाहा ।

९.
शास्वत मृत्यु
न हाँस्छ न रुन्छ
छ, यो शून्य छ ।

१०.
छायो तिमिर
चकित मत्स्यगन्धा
महर्षि व्यास ।

११.
बाबाको कथा
यो घरको भित्तामा
सुन्छु रोएको ।

१२.
आमाको कथा
असरल्ल घरमा
रुन्छ गाँसमा ।

१३.
खडेरी मन
तिम्रो आगमनले
तलाउ बन्यो ।

१४.
छाति गर्विलो
छ शीरमा टोपी झैं
सगरमाथा ।

**विराटनगर ।**



## ठाकुर शर्मा भण्डारी

१.
शान्त रातमा
भ्यागुते ट्यार ट्यार्
तिम्रै संसार ।

२.
यी छुनु मुनु
छल-छल चञ्चल
घरै उज्यालो ।

३.
मायाको जाल
झुटै झुटको छाल
भयो चाहिन्न ।

४.
तिम्रो मुहार
चन्द्रमुखी जुहार
कति सुहायो ।

५.
अघि जाँदै छु
बाटो कता हरायो ?
भ्रमको जाल ।

६.
नाच्यो आँखामा
हृदयको बगैंचा
फुर्‍यो सृजना ।

७.
चिनो मायाको
राखेको छु मनमा
दुःखी नबन ।

८.
जान्छु नभन
तिमी हुँदा खुसी छु
मेरो संसार ।

९.
भाउ दोब्बर
सरकार खै कता ?
कालो बजारी ।

१०.
दलाली पन
देश खायो खर्लप्पै
भयो सखाप ।

११.
आउँदा तिमी
जीवन खुस थियो
आज हरायो ।

१२.
बाँच्ने आधार
संसारमा तिमी छौ
सबै पूर्ण छ ।

१३.
आफै संसार
कोही नभए के भो ?
म सूक्ष्ममा छु ।

१४.
प्रकृतिलाई
हेला अब नगर
आफै मासिन्छौ ।

**धुम्बाराही, काठमाडौं ।**

## तिलस्मी प्रभास

१.
प्रभास्वरमा
छ शीतल शून्यता
अँध्यारो रात।
२.
आयु छ छोटो
चाहना अति मोटो
समय खोटो।
३.
फाड्नु पर्दछ
अहंका बाधाहरू
मार्ग प्रशस्त।
४.
नखोज कतै
समाधिको मिठास
तपस्या अघि।
५.
अनित्य तन
विचलित छ मन
अँध्यारो रात।
६.
ज्ञान उदय
असंभव नै हुन्छ
भ्रष्ट पथमा।
७.
झूटो संसार
छली छ व्यवहार
मुक्तिको खोजी।
८.
सत्यताभित्र
प्रतिभासको छाया
झुटो साबित।
९.
आगो द्वन्द्वको
जलन अविद्याको
बल्छ क्लेशाग्नि।
१०.
खुला आकाश
प्रपञ्च नै प्रपञ्च
आभास मात्रै ।
११.
गुरु भेटिन्छ
आफ्नै हृदयभित्र
खोजे पाइन्छ ।
१२.
अज्ञानी प्राणी
झुम्दछ आफैभित्र
मन्द छ बुद्धि।
१३.
बाहिर सान
भित्र छ अभिमान
कता छ ज्ञान ?
१४.
हेर्दामा ऐना
देखिन्छ आफैँसरि
भ्रमको खेती।

**बौध्द-६ काठमाडौँ ।**



## दिव्य गिरी

१.
असारे झरी
वर्षातको फोहरा
घुमको पाल।
२.
नदी किनार
पानीमाथिको घाम
गोधुली साँझ।
३.
कालो बादल
बैगुणभित्र गुण
चाँदीको घेरा।
४.
उस्तै-उस्तै हो
सागरको लहर
मनको बह।
५.
रातो गुलाफ
वसन्तको आँगन
मीठो मुस्कान।
६.
तालको डील
ध्यानमग्न बकुल्लो
गोधुली साँझ।
७.
माटाको पाला
मन्दिर वरिपरि
दीप ज्वलन।
८.
दुवै चुल्ठीमा
इन्द्रकमल फूल
सुगन्धी बास्ना।
९.
भिज्नै लागें म
पछ्यौरी ओढाऊ है
छाता हरायो।
१०.
तीरझैँ बर्से
कोमल मुटुभित्र
गाजलु आँखा।
११.
बैंसालु हूल
सडकमै फक्रियो
आकाश वेली।
१२.
टिप्न सकिन्न
पोखिएको मुस्कान
छायाको तौल।
१३.
झन्डै लडेको
घुम्तीमा आँखा जुध्दा
भुमरी उठ्यो।
१४.
चीसो वतास
हठात तिम्रो याद
गोधुली साँझ।

**टिकाथली, ललितपुर ।**

## देवराज कार्की 'मिलन'

१.
देश बिग्रेको
नेता सप्रेर माटो
खण्डहर भो।

२.
कुकुर भुक्छ
काँसघारी बगर
हुइयाँ चल्यो।

३.
कुरा उचाल्ने
मान्छे पछार्ने खेल
आफै गुल्टिङ।

४.
न भाले हुन्
न पोथी जानकार
नस्ल चमेरो।

५.
फुइँ लगाए
ओल्लो घाट न तीर
दिउसै लडे।

६.
कुरा दोचारे
आफ्नो मुख लोपारे
बार्दली बाजे।

७.
भाषण चर्को
तिहाई छोडे मात्रै
दुई हातमा।

८.
सत्ता लिप्सामा
टासिन लोभ लाग्ने
भयो फिरङ्गी।

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/



## नन्दलाल आचार्य

१.
सुन्यौ सुनिनौ
मेरो विजय गीत
तिम्रो ढोकामा।

२.
जून झुल्किन्छ
मीठो मुस्कान लिई
लुक्छ मदेखि।

३.
जे छ ठीक छ
हिजो, आज र भोलि
म मसँगै छ।

४.
रहर न हो
जीवनभर खन्छु
साहित्यखेत।

५.
पाठो करायो
पक्कै बाख्रो हरायो
खै, मुखबुझो।

६.
अर्काको श्वास
आफ्नो पेट मात्रै पो
अपाङ्ग हुँदा।

७.
युगले सम्झे
फेरि आउँला है त
खुट्टा टेकेर।

८.
होस् निलेँ र पो
अहिले शब्द हाँक्छु
डर खाएर।

९.
वन थर्कियो
गरामा छायो खुसी
किसानी भोज।

१०.
खै के खै के भो
चाहेको हुँदै हुन्न
नचाहेको भो।

११.
आमा छँदा
सेवा पो गराइयो
समय बित्यो।

१२.
हाँस करायो
मुसा दगुरेभित्र
कुकुर भुक्यो।

१३.
उनी पो आइन्
मुसुक्क मुस्कुराइन्
अमिलो झुट।

१४.
मेरो निधार
सुल्टो छँदै छैन त
भावीको रेखा।

**सिद्धार्थटोल, उदयपुर।**

## नर पल्लव

१
रित्तो आकाश
बादलको गर्जन
बाँझो धरती।

२.
ढुङ्गाको मूर्ति
दिनदिन याचना
मगन्ते भक्त।

३.
आँखामा आगो
मुटुमा कालो मुस्लो
सिस्नुको जीव।

४.
वनजङ्गल
सिंहको अवसान
मुक्त जीवन।

५.
धनको थैलो
चिन्ताको घरवास
माटोको देह।

६.
क्याकटस त्यो
सुगन्धहीन काँडा
घरको शोभा ?

७.
औंसीको रात
अदृश्य दृश्य
उज्यालो आँखा।

८.
सिटीको ध्वनि
नैतिक प्रदूषण
पैसाको भाँडो।

९.
सूर्यग्रहण
कालो इन्द्रधनुष
दिनमै रात।

१०.
झरीझरना
ध्वँसकारी असिना
भूमिमा मृत्यु।

११.
खहरे खोला
कुवाको स्थिर पानी
उदारचित्त।

१२.
उर्वर भूमि
साँढेहरूको युद्ध
बिरामी आमा।

१३.
पिंजडा खोर
पशुपक्षीको जेल
मनोरञ्जन।

१४.
जुँगाको काँडा
घोचपेज घोचाइ
कलहप्रिय।



## नारायणकैलाश सिग्देल

१.
पुरस्कारले
हौसिएको तन मेरो
साहित्य कोर्न।

२.
दशक नाघ्यो
यो साहित्यिक यात्रा
थप्दै सिर्जना।

३.
रचना सधैं
कालजयी बनेर
अगाडि बढून्।

४.
साहित्यप्रति
सरकार मौन छ
लेख्न नछोडौं।

५.
हजारौं गए
दिन बिदा लिए
सिर्जना नयाँ।

६.
मन बगैंचा
साहित्यको भकारी
स्रष्टा खुराक।

७.
ए सरकार !
सिर्जना साधन हो
बुद्धि पुऱ्याऊ।

८.
अकर्मण्यता
लुकाउन सर्कार
बैंकमा धावा

९.
जुध्नू ब्याधाले
मुन्टो उठाउला है
चुनाव आयो।

१०.
उही टाउका
उहीं भ्रष्ट थुतुना
आयो घरमा।

**भिमाद, तनहुँ।**

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन्।**

web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com

## नारायण खनाल

१.
ढोँगी शासक
स्वार्थको छालभित्र
भोकाको गीत।

२.
रूझेको आँत
गरीबका सपना
भुत्तेका दाँत।

३.
हुँडार काजी
हरिण पाल्न राजी
व्याख्याता पाजी।

४.
गल्दै छ तथ्य
चुलिँदो अहमता
मुर्झिँदै सत्य।

५.
विह्वल मन
चङ्गुलमा वसन्त
निखुर्को वन।

६.
निर्धो गगन
सुक्दै छ जलाशय
रुखो आँगन।

७.
भ्रमित आस्था
ढुङ्गाको हाई-हाई
दुख्यो चेतना।

८.
सुन्दर मन
फूलको समागम
वासन्तीपन।

९.
स्वार्थको चुली
झुक्दै छ स्वाभिमान
चुक्दै छ मुली।

१०.
चम्किलो ज्ञान
सुवासित उद्यान
चुलिँदै सान।

**मालारानी -३, अर्घाखाँची।**

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Khabari Nepal**



## निर्मलरमण पराजुली

१.
सिन्दुर छर
जग्गेमा मेरो खाली
सिउँदो भर।

२.
भविष्य हेर
अमर हुने गरी
साहित्य केर।

३.
चेतना छर
गाउँ समाज देश
शिक्षित गर।

४.
पुत्र हौ तिमी
धर्तीको उन्नतिका
सूत्र हौ तिमी।

५.
बुद्ध हरायो
सुख शान्तिले हेर
बाटो बिरायो।

६.
एकै रथका
दुई पाङ्ग्रा हौ हामी
एकै पथका।

७.
पहिलो साथी
आमा नै पो हुन् हाम्री
अन्तिम नाति।

८.
मेदी लगाए
हातमा तिम्रो नाउ
लेखी सजाए।

९.
छोराको चासो
बाबु मर्ला, लिउँला
जनैको साँचो।

१०.
नारी अमूल्य
साक्षात् देवीको रूप
जननी तुल्य।

**सामाखुसी, काठमाडौँ।**

**http://www. nepalipublisher. com वा**
**http://www.khabarinepal.com को Hotlink वा**
**http://nepalipublisher.com/downloads-vajyanti\dayitwa**
**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है।**

## नेत्रबहादुर श्रेष्ठ

१.
ईश्वर हाम्रा
सृष्टिकर्ता जीवन
माता र पिता ।
२.
शिष्य सबैका
अन्धकारका ज्योति
गुरु गुरुमा ।
३.
धन सम्पत्ति
क्षणिक आकर्षण
मानव मोह ।
४.
समाज सेवा
उत्तम सबै कर्म
जीवनभर ।
५.
शिक्षाको ज्योति
प्रकाशमय धर्ती
साक्षर जन ।
६.
घमण्डपन
स्वार्थी छलकपट
असम्बन्धन ।
७.
कृषि प्रधान
नेपाल र नेपाली
अधुरो शान ।
८.
हरियो वन
नेपालको सपना
नेताको धन ।
९.
प्रविधि ज्ञान
युवायुवती मोह
भविष्य रात ।
१०.
पवित्र प्रेम
आत्मीयता मिलन
स्वर्गीय क्षण ।
११.
प्राणी जीवन
अलौकिक संसार
मीठो संयोग ।
१२.
देशको शक्ति
विदेश पलायन
स्वदेश शून्य ।
१३.
जनता हामी
मीठो आश्वासनमा
मौरीको चाका ।
१४.
आयो चुनाव
काकाकुल देशमा
नेताको राज ।

**सिन्धुपाल्चोक-१३, हाल : काठमाडौं ।**



## पूर्णराम मुनंकर्मी

१.
खेतको कुवा
भ्यागुतोको ट्वाट्वार
ब्याड लगाऊ ।
२.
हिउँको वर्षा
स्वनिवासमा कैद
चाँदीको छाना ।
३.
वर्षौंको चेस्टा
प्रियासँग मिलन
चन्द्र ग्रहण ।
४.
क्षितिज च्यात्यो
चराको सङ्गीतले
सूर्यको जन्म ।
५.
आकाश हेर्दै
काकाकुल शहर
पानी दिवस ।
६.
मायालु साथ
औंसी पनि पूर्णिमा
स्वर्ग सर्‍यो कि ?
७.
रातो खुर्सानी
खलमा पिस चात
स्वर्गीयानन्द ।
८.
ठेकी मदानी
चलाऊ, घिउ पार
तन गरम ।
९.
स्वर्गको ताज
खसे पृथ्वीलोकैमा
कहाँ नेपाल ?
१०.
आँसुको धार
छुराभन्दा धारिलो
मुटु नै छेड्ने ।
११.
मन भमरा
पराग बोकी हिँड्छु
कहाँ बिसाऊँ ।
१२.
ताल बाराही
जङ्गलको माझमा
भैरव खोज्दै ।
१३.
हिउँको वर्षा
स्वनिवासमा कैद
चाँदीको छाना ।
१४.
मलामी यात्रा
गन्तव्य पहिचान
नतिजा शून्य ।

## प्रमोद स्नेही

१.
शुभ विवाह
एक सम्झौतापत्र
तिम्रो र मेरो ।

२.
युद्ध र प्रेम
तिम्रो मुस्कानमा छ
खबरदार ।

३.
मौन चन्द्रमा
धरतीमा चखेवा
विद्रोह गर्छ ।

४.
मेरो छातीमा
घाउ मुस्कुराउँछ
हरेक रात ।

५.
म बाँचे भने
यो मृत्यु दोहरिन्छ
मान्छेको भित्र ।

६.
बन्धकी खुसी
उदास अनुहार
युगको छायाँ ।

७.
यो शहरमा
कोलोहाल मुत्युको
हर मान्छेमा ।

८.
मुत्यु नजिक
जन्मदिनको खुसी
सौगात दुःख ।

९.
झरेको पात
विन्ति नटेक अब
यो वसन्तमा ।

१०.
हरियालीमा
डढेलोको नृत्यले
फूलको मृत्यु ।

११.
ऐंठन गर्दा
यी सपनाहरूले
चिच्यायो रात ।

१२.
लुकामारी छ
सुख दुःखको
हर यात्रामा ।

१३.
बाँसुरी बज्दा
गोठालेको हूलमा
आक्रोश बल्यो ।

१४.
समयको घोडा
शिथिल भयो आज
घण्टाघरमा ।



## प्रीति आत्रेय ज्ञवाली

१.
आफ्नो बिरानो
रूखले बाटो छोड्यो
भुईंकटर ।

२.
गठबन्धन
सोत्तर पार्‍यो रूख
काङ्ग्रेसी जन ।

३.
दिन्छ रे भत्ता
बूढा-बूढीको आस
सूर्यमा भोट ।

४.
चुनावी तातो
वसन्त अल्मलियो
गर्मी पो भयो ।

५.
गर्छु विश्राम
भन्दै छ सूर्यमुखी
भयो सूर्यास्त ।

६.
परिवर्तन
ऋतुले पो गर्‍यो कि
यो बेमौसमी ।

७.
भरोसा यौटै
जन्म प्रकृतिबाटै
बनेछ लौरो ।

८.
चराको नाद
सूर्यले लाली छरे
भयो बिहानी ।

९.
मान्छे त राम्रो
औंसी कि पूर्णे जस्तो
रहेछ ज्याद्रो ।

१०.
अर्काको भर
घाम डुबिसकेछ
कम्मर कस ।

११.
भए लगन
रात त आफ्नै पो हो
प्रयास गर ।

१२.
आकाश हेर
धर्ती पनि नछोड
लक्ष्यमा पुग ।

१३.
मन दोमन
क्षितिज पारी हेर
छैन है भ्रम ।

१४.
गरे पो आँट
व्यक्ति चन्द्रमा छुन्छ
सोचमा के छ ?

## बाबुराम पोखरेल

१.
सिरूका त्यान्द्रा
मिहिनेतीको उब्जा
बलियो लठ्ठा ।
२.
हलक्क तामा
वर्ष दिन नपुग्दै
टुप्पो निहुर्‍यो ।
३.
कच्चा सिकारी
तिलचामले केश
पाकेन बुद्धि ।
४.
ओठ खुलेछ
अनारका दाना झैं
मन्त्रमुग्ध ऊ ।
५.
सुनको सिक्री
गोबरको खाडीमा
चोरीको माल ।
६.
पड्कियो जिब्रो
थियो अल्छेको तिघ्रो
गोरु ब्याएछ ।
७
जेठमा पनि
शिशिरले छोडेन
पात झर्दै छ ।
८
मनको बह
सुन्ने कोही भएन
आँसुको दह ।
९
मानको खोजी
अस्तित्वमा बेमेल
आगो र पानी ।
१०
भू-गर्भभित्र
पलाएछन् पखेटा
क्या छिचिमिरा ।

विराटनगर ।

गीत, गजल,
म्युजिक भिडियो,
विवाह, कार्यक्रम आदिको लागि
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812



## भुवन शिवाकोटी 'चौघरे'

१.
उधार्छ आँखा
हिमचुली वदन
सर्वाङ्ग तिम्रो ।
२.
हेर भागेर
परेली नै जोडेर
थुन्या छु प्रिय ।
३.
रस अमूल्य
दुई थोपा खसेर
निखिन्न माया ।
४.
हेर ! सुमन
उत्तर आकाशमा
तारा जोडिए ।
५.
आगाको ज्वाला
मुटु छिचोल्ने याद
लुकाऊँ कहाँ ?
६.
रित्तो खल्तीमा
भरिएको सम्झना
हेर्ने रहर ।
७.
आँगन छेउ
परेवाले सिकायो
प्रणयलीला ।
८.
कत्रो हतार
फूल चुँडेर भाग्छन्
हुरी बतास ।
९.
औंसीको रात
प्रेमको आँगनमा
रोपियो जून ।
१०.
हिँउको पानी
नसम्झ कमजोर
नेपाली मुटु ।
११.
फक्रियो राती
पारीजातको फूल
झर्‍यो बिहानै ।
१२.
बाघ हुँ भन्छ
शहर मै गर्जिन्छ
नक्कली स्याल ।
१३.
जन चेतना
कलमले कापीमा
लेख्यो अक्षर ।
१४.
मान्छेहरू क्या
मन पराउँदा नि
मार्छ झैं बुझ्छन् ।

## मञ्जु काँचुली

१.
भाले भिडन्त
सिउर रगताम्य
हाँसे छिमेकी।

२.
हाँसोको हूल
खसीको भागबन्डा
मौन जनता।

३.
मास्यो प्रकृति
कङ्क्रिटको जङ्गल
हाँस्यो सभ्यता।

४.
बिरानो देश
सकुनीहरू नै छन्
कृष्ण छन् कता ?

५.
खोल अर्कै छ
मोल बदलिएछ
माल यस्तै छ।

६.
विधवा धोती
बगिरहने नदी
आँसुको लर्को।

७.
काँडाले छेक्यो
भमरा घायल भो
रातो गुलाब।

८.
नाप्दै छ मन
समय राजमार्ग
जिन्दगी दोड।

९.
गृष्मको घाम
विदेसिएको युवा
सुकेको माटो।

१०.
मूर्ति गायब
थालीमा पूजासामा
हाँस्यो टुँडाल।

११.
जति उखेल
ढुङ्गामै पलाउँछ
पीपल बोट।

१२.
खै त सम्पदा
संरक्षक बेपत्ता
छैन सभ्यता।

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन्।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan/



## मधुसूदनप्रसाद घिमिरे

१.
बतासे डाँडा
उक्लिँदा घोच्ने काँडा
बाटो छ टाढा।

२.
गृष्म ऋतुमा
वर्षादको भेल छ
रात डरैमा।

३.
मनसुनको
सुरूवाती अहिले
खेती गर्ने को ?

४.
महङ्गी बढ्यो
गरीब भोकै लड्यो
प्रशासन को ?

५.
मान्छेको जात
कमाउ खातैखात
पाउला लात।

६.
राजा हटाए
सयौं राजा अटाए
नाङ्लो ठटाए।

७.
गणतन्त्रको
खिल्ली उडाउने हो।
सोच्ने कसले ?

८.
कोरोना त्रास
काम भो सर्वनास
गरीब नाश।

९.
महङ्गी भार
बढ्छ बारम्बार रे !
तिम्रो के सार ?

१०.
संघीयताको
नेता लाए मुखुण्डो
पर्दै उभिण्डो।

११.
अरनिको थे
कलाकार चिनिए
घुन पिनिए।

१२.
कृष्ण मन्दिर
नमुना कलाकार
हाम्रा जुहार।

१३.
यौन आकृति
टुँडालहरूमा ती
विज्ञापनै भो।

१४.
हाम्रा सम्पत्ति
धार्मिक धरोहर
अलौकिक यी।

**काठमाडौं।**

## मुकुन्द शर्मा चालिसे

१.
जागृति जोश
पुरोहितको कथा
राष्ट्रनिर्माण।
२.
हातको पाली
दूर-देख्नाको लोभ
केही पाइन्छ।
३.
निहारिकामा
चम्कनु हो माधुर्य
मेरो लम्काइ।
४.
पात झारेर
यो चिनियाँ पीपल
केही खोज्दै छ।
५.
के पो पायौ र ?
यो दगुरादगुर
बेकारै भयो।
६.
विश्वास गर
सपनाभन्दा राम्रो
मेरो साम्राज्य।
७.
छैन भनेर
कसरी उभिएका
अनस्तित्वमा ?
८.
कहिलेसम्म
हे मेरो प्रियतम
यो आकर्षण।
९.
तिम्रो नजिक
आउन खोज्छे निष्ठा
नौली दुलही।
१०.
तिम्रो संसार
छन्द छन्द कविता
मेरो आनन्द।
११.
केही भने झैं
मतिर फर्किंदो छ
वृक्षवल्लरी।
१२.
अहो ! आह्लाद
अहा। वैचित्र्य विम्ब
कहाँ कहाँको।
१३.
हो हामीलाई
फुटाउने प्रयास
निरर्थकता।
१४.
वाङ्मयलाई
चिन्मयले सम्झायो
म एउटै हुँ।

**बूढानीलकण्ठ-४ ।**



## मुरारीराज मिश्र

१.
बादलभित्र
जुनको लुकामारी
अँध्यारो धर्ती।
२.
पातको शीत
भ्रम छर्दै छ सधैं
मोती बनेर।
३.
घोच्यो भनेर
किन गुनासो गर्नु
काँडा बेच्नेले।
४.
तोरीबारीमा
साँढेको रजगज
सोत्राम्य बाली।
५.
सेता तन्नामा
मस्त निदाइन् धर्ती
हिउँ ओढेर।
६.
मोती हुँ भन्थ्यो
घामले हेर्नासाथ
पग्लियो शीत।
७.
पूर्णेको चन्द्र
मनमा ज्वारभाटा
अनिंदो रात।
८.
धर्ती आकाश
अँगालोमा बाँधिए
सीमा सकियो।
९.
चिसो अँगेनो
पेटभित्र डढेलो
रित्तियो आँसु।
१०.
सूर्य झैं धरा
वर्षाको प्रतीक्षामा
चिरिए गरा।

**कामपा-७, काठमाडौं ।**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

## म्यामराज राई

१.
शिवरात्रीमा
भाङ धतुरो चाख्ने
पशुपतिमा।
२.
बादल झरी
प्राकृतिक आनन्द
पुरानो याद।
३.
बिहानीपख
एक आशाको ज्योति
शुभप्रभात।
४.
होलीको रंग
खुलोस् इन्द्रेणी जस्तै
सौहार्द्रपूर्ण।
५.
ऋतु वसन्त
प्रकृतिको सुगन्ध
वातावरण।
६.
प्रचण्ड तातो
आशातीत जिन्दगी
चिसान सातो।
७.
रक्षाबन्धन
इन्द्र बृहस्पतिझैं
डोरो नाडीमा।
८.
रोपाइँ जात्रा
नेवारी समुदाय
महिमा पर्व।
९.
फूल फुलेर
हृदय तरङ्गित
प्रेमालिङ्गन।
१०.
रङ्बिरङ्
मनमोहक दृश्य
प्रफुल्ल मन।
११.
हरितकण
असन्तुष्ट नयन
भमरो डर।
१२.
चाँदनी घेरो
सेरोफेरो सपेरो
स्वयंम् रक्षक।
१३.
बादल हुस्सु
अन्नपात बारीमा
व्यस्त किसानी।
१४.
भदौरे आँच
जीविकोपार्जनमा
गन्तव्य दृष्टि।

**हतुवागढी-६,भोजपुर हाल : जापान।**



## रमेश भट्टराई 'सहृदयी'

१.
कुटीमा तप
अतृप्त पारखी ऊ
सतीमा सत्त्व।
२.
त्रिकुट दृश्य
जीवन धन्य मित्र
प्रदीप्त चित्र।
३.
असारे भाका
रम्य पाखुरी पाखा
माहुरी चाका।
४.
गरल चिन्ता
मनोवादी फिरन्ता
अनल पीडा।
५.
चुनावी चर्चो
वृद्ध बुद्धिको झर्को
भेडे भो बर्को।
६.
जनही नोट
सोच ध्वान्द्रे बनोट
वैरी छनोट।
७.
भाव चित्रण
कल्मष विष वृक्ष
नर दरिद्र।
८.
जुनी बैजनी
दुई दिने हतारो
कात्रो जीवनी।
९.
साधना ज्ञान
लक्ष्मी हेला विधान
चिन्ता र ध्यान।
१०.
कर्मीको हात
श्रम शोषण जात
भट्टीमा मात।
११.
सुरिलो रूख
मीठो फल आकाश
दुःख के सुख।
१२.
बाल भावमा
रम्य काल सिरान
खेल चाहना।
१३.
तनखा चिन्ता
कर्म-सर्म सदीक्षा
आसे फिरन्ता।
१४.
षड्यन्त्र जालो
मन्त्र ढाँट्ने सँगालो
यन्त्रको पालो।

**फुङलिङ-२, ताप्लेजुङ।**

## रमेश प्रभात

१.
तिमी छौ चम्बु
बजाऊ आफ्नै डम्फु
हामी छौं लम्फु ।

२.
फलाम पिटेर
हतियार बनायो
सबैको हेला ?

३.
बाँचेको भन्ने
अनुभूति दिलायौ
धन्य भएँ म ।

४.
आजका कवि
हिजोका बर्बरिक रे !
समय बोल्यो ।

५.
हाइकु खोज्दै
खोला किनारा धाएँ
फुर्ला जस्तो छ ।

६.
शब्दको जालो
नबनाऊ कविजी
हाइकु लेख्दा ।

७.
हिउँ फुलेर
सेताम्मे भएको छ
मन पग्लियो ।

८.
यो कस्तो प्रेम
बैंस मै ओइलियो
वसन्त ऋतु ।

९.
मखमलीको
आँखाभरि छ आँसु
परदेशी खै ?

१०.
तुवाँलो लाग्यो
मनको आकाशमा
घाम देखिन्न ।

११.
उद्यमी हात
गमलामै फुलेको
सुन्दर पुष्प ।

१२.
बोली मात्रै छ
नीतिविनाको नेता
देश खरानी ।

१३.
मुर्च्छा परें म
तिम्रो याद आउँदा
बाढीले गर्दा ।

१४.
झरीको बेला
तिमीलाई सम्झेर
रूझेको रूझ्यै ।

**चितवन ।**



## रमेश समर्थन

१
बगैंचा बेच्छ
फूल रोप्न नसकी
नेपाली माली ।

२.
रोटीको टुक्रा
बाँदरको न्यायमा
जिल्ल बिराला ।

३.
यसपालि त
मनको पहिरोमा
मनै पुरियो ।

४.
त्यहीं पुग्दछ
जतासुकै जाऊँ म
पाल्पाली मन ।

५.
तिम्रो र मेरो
जुनी जुनीको फेरो
मायाको घेरो ।

६.
कर्जा लिएको
जिन्दगीको ब्याजमा
आँसु तिर्दै छु ।

७.
काँधमा भारी
तुइनबाट तारी
कस्तो लाचारी ?

८.
आँखामा हाम्रा
लुकामारी खेल्दै छन्
आशा निराशा ।

९.
आफ्नै रापले
तप्प तप्प चुहिन्छ
पग्लेको घाम ।

१०
मैनबत्ती झैं
गल्नु परे गलुँला
उज्यालो छर्दै ।

११.
आँखाका तीर
आँखीभौंको धनुष
निसानामा म ।

१२.
रोएको दिन
हाँसिरहेको रात
खिन्न प्रभात ।

१३.
जिन्दगी खोज्छ
जिन्दगी गुमाएर
बाँचेको मान्छे ।

१४.
पर्दा उघारी
चन्द्रमाले देखायो
छातीको घाउ ।

**सृजनागृह, मङ्गलापुर, रुपन्देही ।**

## राजेन्द्र पहाडी

१.
विनाअक्कल
रङ्ग-ढङ्ग नभई
सोझै नक्कल ।
२.
चर्चा चाकडी
नजाती नै गरे नि
बज्यो थपडी ।
३.
दलाल मति
राष्ट्रवादी भजन
हुने भो खति ।
४.
ढङ्ग न ढाल
प्रतिपक्ष भूमिका
भयो बेहाल ।
५.
नक्कले पारा
फूर्तीफार्ती देखेर
छक्क थे सारा ।
६.
बोली चेपारे
झुट कर्म नेताको
जन थेचारे ।
७.
अक्क न बक्क
नौटङ्की व्यवहार
दुनियाँ छक्क ।
८.
माया बैगुनी
साम-दाम-दण्डले
जे पनि हुने ।
९.
रानो भेटियो
जुगौंजुग कल्पेको
तिर्खा मेटियो ।
१०.
ठेक्काको काम
टालटुले पाराले
बजेट ड्वाम ।
११.
सम्पादक रे !
लाजशर्म नमानी
अर्काको सारे ।
१२.
लोभी पदका
आसन र भाषण
होचो कदका ।
१३.
सिको अर्काको
भो धेरै नमच्चिए
भेल वर्षाको ।
१४.
चिन्ता न सुर्ता
गठबन्धन बन्यो
देशको बिर्ता ।

**कुश्मा, पर्वत ।**



## राजेन्द्र प्रधान 'पासा'

१.
सृष्टिको फूल
मृत्यु शाश्वत सत्य
जीवन चक्र ।
२.
हिँड्दैछु खोज्दै
बेपत्ता गणतन्त्र
बालेर राँको ।
३.
मुखको बोली
चलाउनमा पोख्त
स्वार्थको गोली ।
४.
सत्ताको लोभी
कुटनैतिक चाल
देशको हाल ।
५.
असह्य व्यथा
भुटिएको जिन्दगी
अल्झेको श्वास ।
६.
बूढो त्यो रूख
भएछ नाङ्गेझार
जिन्दगी उस्तै ।
७.
फेर्छ काँचुली
मानिसले अचेल
सर्पले जस्तो ।
८.
दिन हाँसेको
अचानकको हुरी
मन अँध्यारो ।
९.
फक्रेको फूल
वरपर भमरा
यौवनी गन्ध ।
१०.
जिस्काउँछ नै
यादका ती टुक्राले
हुँदा म एक्लो ।
११.
प्रेम सम्बन्ध
निको नहुने रोग
छैन औषधी ।
१२
पूर्णेको रात
धपक्क त्यो मुहार
उनको साथ ।
१३.
साँझको बेला
अनगिन्ती सम्झना
न्यानो यो माया ।
१४.
नारी स्वभाव
लजाएर भुतुक्कै
अप्सरा उनी ।

**दार्जिलिङ, भारत ।**

## रामचन्द्र भट्टराई

१.
कसरी भनौं
दुई दिने जीवन
पीडाको बेला।
२.
शिर त मेरो
सगरमाथा नै हो
तर झुक्छ कि ?
३.
कसरी बुझूँ
अहिलेको यो बेला
नेताको बोली।
४.
अडिन्छ र खै ?
बलजफतबाट
डोकोमा दूध।
५.
जान मन छ
लिपु र कालापानी
न्याम्रो मेटिन्छ।
६.
हिमाली देश
विश्वमा परिचित
सगरमाथा।
७.
पहाडबाट
अविरल बगेका
कञ्चन नदी।
८.
शान्तिका दूत
गुञ्जिरहन्छ यहाँ
बुद्ध सन्देश।
९.
देशका लागि
समर्पण गर्दछौं
तातो रगत।
१०.
पराक्रमी र
स्वाभिमानी छँदै छौ
हामी नेपाली।
११.
कति सुन्दर
नागबेली सरिता
मीठो आवाज।
१२.
टलक्क टल्के
उत्तरमा चाँदनी
हिम शिखर।
१३.
पखेरातिर
ढकमक्क ढाकिए
वन कुसुम।
१४.
रङ्गिन फूल
रस्वादन गरेका
मौरीहरूले।

**स्याङ्जा ।**



## रासा

१.
फूलकुमारी
बटुल्छिन् पटुकीमा
झरेका पात।
२.
आत्मीय क्षण
जो उनीसँग बित्यो
चखेवी बन्यो।
३.
कविता लेख्नु
झिँगा नि मार्दै जानु
दिनकटनी।
४.
निरर्थकता
मान्छे भई जन्मिनु
पशु झैं मर्नु।
५.
अपाङ्ग क्षण
बाटो कुदिरहेछ
झ्यालमा छु म।
६.
काग करायो
कोही पनि आएनन्
निराशा आयो।
७.
डुङ्गामा मान्छे
आँधीबेरी चल्दै छ
मूक समुद्र।
८.
उराठ दिन
छुचुन्द्रोको लस्कर
दुर्भाग्य व्याप्त।
९.
उदास साँझ
तिमी हाँसेर बाँच्नू
म मर्छु अब।
१०.
हाँस्छ सत्तल
केवल रुन्छ मान्छे
भोको देशमा।
११.
मृत्यु उत्सव
चराहरू टोड्कोमा
ढल्दैछ रूख।
१२.
बाटो कुद्दो छ
मान्छे जहाँको त्यहाँ
कस्तो विकास ?
१३.
केवल गिद्ध
कङ्क्रिट जङ्गलमा
मान्छे मर्दो छ।
१४.
चोर भागेछ।
खोइ, कहाँ लुकेछ ?
मभित्र रैछ।

**गौरीघाट, काठमाडौं ।**

## लक्ष्मण थापा

१.
स्मृति वर्षामा
लपक्कै भिजेको छ
बाबरी फूल ।
२.
भन्ज्याङ छेउ
खित्खित गौथली चरी
कुरमा माछो ।
३.
फेवाको छेउ
चिप्लियो माछापुच्छ्रे
चैतको लाखु ।
४.
आकाश छेउ
भीखमङ्गा बादल
जुठो टपरी ।
५.
एकाबिहानै
मगन्तेका लस्कर
स्याल हुँइयाँ ।
६.
कुवाको पानी
धमिलिएको सन्ध्या
आवेश ध्वनि ।
७.
उडन्ते मन
नाङ्ग्लाभरि चामल
पापी परेवा ।
८.
पोखियो पानी
जलमग्न जमीन
अन्जुली छिद्र ।
९.
वैशाखी आँखा
सिउरेर कानमा
हिउँको टोपी ।
१०.
ओ । ओलम्पिया
मुसाहरूको दौडमा
मुसा नै भाले ।
११.
बाटोको पात
रौद्र रक्तकमल
झर्‍यो वसन्त ।
१२.
निगाले निब
लेख्दै लेख्दिन भन्छ
बन्सोको कथा
१३.
व्यस्त आकाश
माकुरे अभिसार
मातृविलाप ।

**पोखरा, बैदाम ।**



## डा. लेखप्रसाद निरौला

१.
फूलको बास्ना
मानवीय भावना
सबैको प्यारो ।
२.
वर्षाको बाढी
शारदीय चन्द्रमा
दुःख र सुख ।
३.
अल्पायु तन
गमलाको मुस्कान
क्षणिक सत्य ।
४.
प्रिय मौनता
समय छँदै बोल
गहिरो माया !
५.
मेलम्ची छाया
काठमाडौं हेलम्बू
आस र त्रास ।
६.
लुकेको प्रीति
फुकेको यौवनमा
रसिलोपन !
७.
माकुरो चाल
परिबन्द प्रियता
अल्प सन्तुष्टि ।
८.
स्वच्छ आकाश
छिचिमिरा आतङ्क
उत्साह भङ्ग ।
९.
समुद्री छाल
अक्टोपसका पन्जा
विवश चाल ।
१०.
प्रिय उच्छ्वास
विषाक्त परिणाम
प्रेमिल द्रोह ।
११.
शरद् सौन्दर्य
कठ्याङ्ग्रिँदो मौसम
व्यस्त जीवन ।
१२.
नेपाली आभा
सगरमाथाबाट
विश्व नियाल्दै ।
१३.
क्षणिक आयु
अमर चिन्तनले
स्वार्थी जीवन !
१४.
सृष्टि संसार
विपरीत अवस्था
झुसिल्किराको ।

**बूढानलिकण्ठ नपा. ।**

## वसन्त अनुभव

१.
मन्दिर रोजी
कहाँ मिल्छ ईश्वर
मूर्तिमा खोजी ।
२.
जीवन यात्रा
क्षणिक घामछाया
शीतको थोपा ।
३.
जुनेली रात
प्रेमिल साठगाँठ
वाह ! क्याबात ।
४.
सत्ताको खेल
नेताहरूको जित
जनता फेल ।
५.
सुन्दर बाग
रङ्गीविरङ्गी फूल
मीठो सुवास ।
६.
यावत् मानुष
विविध रङ्गहरू
इन्द्रधनुष ।
७.
अधिक लोभ
अशान्तिको वीजक
चिन्ता र शोक ।
८.
सरल वृक्ष
काटिन्छ सधैं अघि
विधि विधान ।
९.
फूल र काँडा
भिन्दाभिन्दै महत्त्व
घाम र छाया ।
१०.
वसन्त ऋतु
हरियाली अरण्य
कोकिल कुहू ।
११.
कपुतहरू
लुछ्दै आमाको छाती
निरीह आमा ।
१२.
अशक्त तन
सन्ध्याकालको सूर्य
वृद्ध अवस्था ।
१३.
घोषणा पत्र
देखिने हस्तिदन्त
भ्रमको खेल ।
१४.
भातृ कलह
घरबास खरानी
विजयोत्सव ।

**घोराही-१४, दाङ ।**



## वासुदेव ठकुरी

१.
बिर्से अतीत
शङ्काको घेराभित्र
रोपें विश्वास ।
२.
गहिरो खाल्डो
प्रतीक्षा गर्दागर्दै
चिप्लेछ रात ।
३.
काँचो आँखामा
ठोकिएछ सपना
विहानीपख ।
४.
फक्रेको फूल
हुर्किएको जवानी
उस्तै कहानी ।
५.
पानीको फोका
गरी हेर्दा मनन
आफ्नै जीवन ।
६.
जलेर आफै
धेरै चोटि देखाएँ
इमान्दारिता ।
७.
राजनीतिमा
दया धर्म इमान
रातको सूर्य ।
८.
झुटको खेती
राजनीति उत्तीर्ण
अग्नि परीक्षा ।
९.
चर्केको घर
टालटुल पारेर
कति टिक्ला र ?
१०.
गणतन्त्रमा
लोकतन्त्र धराप
सति सराप ।
११.
सिरानी धर्ती
अँगालोमा बादल
मस्त निद्रामा ।
१२.
घामले ओढ्यो
नव दुलहीले झैं
बादलु घुम्टो ।
१३.
धोकाको घडी
विश्वास डाँडापारि
चिसो सम्बन्ध ।
१४.
अस्तित्व खोज्दै
कालो बादलभित्र
चाँदीको घेरा ।

**शिवपुरी गा पा -३, नुवाकोट ।**

## विनयकुमार शर्मा नेपाल

१.
ताईं न तुईं
नयाँ भनेर लाग्यौ
सडेको फर्सी ।

२.
फर्केर हेरे
देह देखिन्छ नाङ्गो
को छ नैतिक ?

३.
तन्तु फुस्किँदा
सन्किन्छ रे हुरीले
छिनेको चङ्गा ।

४.
मीठो अङ्गुर
जति नै खाऊ तिमी
धीतै नमर्ने ।

५.
एउटा जात
जतिसुकै सँभाल
कुरै नमिल्ने ।

६.
सिउन सके
च्यातिएको त्यो मन
हुनेछ स्वर्ग ।

७.
जोड्न सकिन्न
भारी अभावभित्र
छिनेको डोरी ।

८.
दिक्दार लाग्दो
कपटी अनुहार
व्यर्थको माया ।

९.
लगानी गरी
शत्रुता कमाउँछ
बेकारी जन्तु ।

१०.
आयो मिलिक्क
जवानीको उत्ताप
गयो झिलिक्क ।

११.
अतीत हेर्दै
खुल्दुलीको पीडामा
भविष्य बुझ्दै ।

१२.
काली वा गोरी
मृग मरिचिकामा
हेर्दामा उस्तै ।

१३.
हरायो फुर्ती ?
चार दिनको रम् रम्
मार्ग कठिन ।

१४.
बाटो भत्कायौ ?
भविष्य अन्धकार
वेलैमा देख ।

**चावहिल, काठमाडौं ।**



## विनीत ठाकुर

१.
सगरमाथा
मणिमय मुकुट
दिव्य नेपाल ।

२.
समर्थ सूर्य
धरती गर्भ गृह
जीव सजीव ।

३.
पवित्र नदी
अमृत जलधारा
पावन गङ्गा ।

४.
मन्द सुरभि
सुगन्धित पर्वत
मन मगन ।

५.
धरती लोक
सुकर्म तीर्थ यात्रा
स्वर्ग समान ।

६.
पूर्ण चन्द्रमा
अत्यन्त तेजस्विनी
सृष्टि शृङ्गार ।

७.
अदृश्य युद्ध
जैविक अस्त्र-शस्त्र
नव विज्ञान ।

८.
वृक्षारोपण
शुद्ध पर्यावरण
प्राण रक्षक ।

९.
विशुद्ध वायु
प्रतिपल अमृत
जीवन दाता ।

१०.
चरणामृत
अमृतरूपी जल
पाप नाशक ।

११.
सात्त्विक अन्न
कान्तियुक्त शरीर
अतुल बल ।

१२.
असङ्ख्य तारा
नवग्रह पोषक
आकाश गङ्गा ।

१३.
वन विनाश
प्रचण्ड तापमान
कठोर नदी ।

१४.
रसिक नेत्र
श्यामवर्ण बादल
नवीन मेघ ।

**मिथिलेश्वर मौवाही-३, धनुषा ।**

## विनोद नेपाल

१.
पवित्र मन
सुकोमल हृदय
काँडा नै फूल।

२.
लोकविश्वास
आस्थाको धरोहर
ढुङ्गामा शिर।

३.
क्रुर समय
सुन्दर आवरण
तुच्छ विचार।

४.
स्नेहिल साथ
अलमल गन्तव्य
जूनेली रात।

५.
उन्मत्त मन
मदमस्त जवानी
सिसाको घर।

६.
दुबो हरियो
उपेक्षित सौन्दर्य
सुवास खोजी।

७
बुढ्यौली वय
बैंसालु चञ्चलता
बेचैन मन।

८.
हिमाली शिर
अनुपम सौन्दर्य
नेपाल आमा।

९.
अथक योद्धा
मेहनती किसान
गाँसको जोहो।

१०.
कोमल मन
पवित्र तीर्थस्थल
प्रशिद्ध धाम।

११.
निस्वार्थ दान
सहयोगी हृदय
ज्यूँदो देवता।

१२
उर्लँदो बैंश
अनिश्चित गन्तव्य
खहरे भेल।

१३.
कुटिल चाल
स्वार्थका तानावाना
हाल बेहाल।

१४.
कुर्सीको खेल
हिउँदको बगर
वर्षाको भेल।

पोखराथोक, माडी पाल्पा।



## विष्णु दाहाल

१.
कलियुगमा
फस्टाउँदै छ बढी
तरूनी खेती।

२.
अति नै कडा
तीव्र प्रभावकारी
बोतलको झोल।

३.
रक्सीको भन्दा
हजारौं गुणा मीठो
बैंसको मात।

४.
एकान्त ठाउँ
चढ्दो यो जवानी
प्रेयसी र म।

५.
विद्धत्ता पनि
बिक्री हुने देशमा
पढ्नु पो किन ?

६.
रक्सीको नशा
लागेपछि लाग्दैन
रातमा निद्रा।

७.
जुँगाको रेखी
जवानीको चिह्न हो
नहाँस प्रिये।

८.
पवित्र नारा
समृद्ध नेपाल र
सुखी नेपाली।

९.
ज्ञानको ज्योति
अँध्यारोमा परे पो
हुन्छ सार्थक।

१०.
पाउँदा सञ्चो
नपाउँदा बिसञ्चो
घुसको कञ्चो।

इनरुवा ५ बलाहा, सुनसरी।

**के तपाईंलाई थाहा छ ?**

**हामी २०७८ र २०७९ को वर्ष पुस्तकमा जुटिसकेका छौं। प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं। त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस्।**

**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौं ०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३

## शर्मिला खड्का दाहाल

१.
भ्यागुता राज
माछाको पलायन
नेपाली गणतन्त्र ।
२.
आँखाले हेर्छ
मुखले बोल्छ मात्र
जिउमा सास्ती ।
३.
सम्पत्ति नाश
दाजुभाइको कल
वंश दुर्दशा ।
४.
घर झगडा
परालको त्यो आगो
निभ्यो रक्सीले ।
५.
जिन्दगी हाम्रो
सङ्घर्ष र सम्झौता
सङ्गम विन्दु ।
६.
उर्लंदो भेल
फेसबुकको न्यूज
वर्षाको बाढी ।
७.
कृषिको देश
कुर्सी प्रधान नेता
भोकभोकै म ।
८.
पत्रको ठेली
दराजभित्र बन्दी
चाकडी खेल ।
९.
खाऊँ नखाऊँ ?
देशको संघीयता
दुःखको खेती ।
१०.
उँभो छ भीर
उँधो हेरे पहरा
जन विचरा ।
११.
स्नेहकी खानी
काख च्यापी बसेकी
बाल कहानी ।
१२.
आमाको चाख
उसको मन अल्झ्यो
बच्चा काखमा ।
१३.
बाल केलिमा
आमाको मन हाँस्यो
तोते बोलीमा ।
१४.
देखिनासाथ
मुहारमा पाइयो
आमाको खुसी ।

**बानेश्वर, काठमाडौं ।**



## शर्मिला तिमल्सिना

१.
स्नेहकी खानी
काखा च्यापी बसेकी
बाल कहानी ।
२.
बच्चा काखमा
आमा मन अल्झियो
उस्कै चाखमा ।
३.
बाल केलिमा
आमा मन हाँसेको
तोते बोलीमा ।
४.
आमा मुहार
देख्नासाथ पाइयो
लाग्छ गुहार ।
५.
आमा म पनि
दिनरात बच्चाकै
देख्छु सपनी ।
६.
वक्ष चुहिन्छ
बालबच्चा सम्झिँदा
आफैं नुहिन्छ ।
७.
सम्झेर आमा
पूजा पाठ गरेमा
मेटिन्छ धामा ।
८.
हे मेरी आमा
मात्री मन उघार
चाहियो जामा ।
९.
आमाको मन
गर्न मैले सकिनँ
रुखो वचन ।
१०.
आमा बोलाएँ
आमालाई सम्झिएँ
एक्लै टोलाएँ ।
११.
चाडको बेला
आउन म सकिनँ
नठान्नु हेला ।
१२.
आमा आउँला
काखानेर बसेर
गीत गाउँला ।
१३.
मीठो खाउँला
दिदी बैनी मिलेर
नाची गाउँला ।
१४.
आमा सम्झन्छु
म जुनेली रातमा
उतै लम्कन्छु ।

**गजुरी, धादिङ, हाल : काठमाडौं ।**

## शान्ति अधिकारी पोखरेल

१.
कौतूहलता
प्रेम गर्नु अघि नै
उठेको आँधी।
२.
परदेशीको
नमेटिने चाहना
प्यासी हृदय।
३.
उर्लिन्छ माया
छाल हुँदै लहर
हुदय तट।
४.
परेछ दिल
यौवन र रूपको
डढेलो भित्र।
५.
प्रतीक्षा लामो
देउराली धाउँदै
प्रेम पुजारी।
६.
साहसी पुत्र
हिमालको काखमा
सुसेल्दै उठ्छ।
७.
व्यथाको भारी
समस्याको पहाड
तिर्खालु आशा।
८.
गहिरो घाउ
छट्पटीको जीवन
कुहिरो भित्र।
९.
मीठो सङ्गीत
विधुवाको सिउँदो
अमिलो वर्षा।
१०.
अभाव बोक्दै
अनवरत बाँच्यो
दुर्गम ठाँउ।
११.
हुँदैन तृप्त
छुँदै नछोई जान्छ
बैमानी छाल।
१२.
लोभीका आँखा
देउता र दानव
दोभानसरि।
१३.
कृपाको दृष्टि
बेसहाराको लागि
इन्द्रेणी छाया।
१४.
फरक पाटो
घृणापछिको माया
शुष्क पवन।

**कोहलपुर बाँके।**



## श्यामप्रसाद न्यौपाने

१.
पाखा पखेरा
उठ्नुपर्छ अब त
भयो सबेरा।
२.
राष्ट्रको माया
हुनुहुन्न स्वार्थले
दायाँ र बायाँ।
३.
गरेर दम्भ
अनावश्यक कुरामा
नबनौं खर्ब।
४
हाँसेर मस्तै
बनाऊँ है जिन्दगी
जिन्दगीजस्तै।
५.
राष्ट्र चुसेर
हाँस्ने जति रूनेछन्
भुँडी दुखेर।
६.
दुनियाँ ढाँटी
कुम्ल्याउने जो जो छन्
अगुवा खाँटी।
७.
हारेर पनि
समदर्शी हाँस्दछ
जितेझैं बनी।
८.
तिम्रो र हाम्रो
सम्बन्ध समुद्र झैं
भएकै राम्रो।
९.
गाउँदा ख्याली
बस्न सक्छ पिरती
भो भो यसपालि।
१०.
कौसीमा बसी
लेखेको थें तिम्रै गीत
दुख्यो चस्चसी।

**नवलपरासी।**

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन्।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan/

## श्याम माकजु

१.
ऋतु रौनक
पलभरको याम
फुलेर झर्छ ।

२.
घुँयत्रो बन्दै
फल झार्छ असिना
आफै सकिन्छ ।

३.
अनल बिउ
विनाशकारी ग्रीष्म
डढेलो राज ।

४.
शीत पिएको
दृष्टिभ्रम शिशिर
देख्छ नग्नता ।

५.
जाज्वल्य रूप
आँखामा पुष्पपत्र
साक्षी वसन्त ।

६.
काफल गेडी
प्रीत मिश्रित फल
यौवन साट्छ ।

७.
रङ्गिन वन
अनुराग उध्रुम
ऋतु प्रदत्त ।

८.
औंसीको जून
पसरभरि थाप्दा
झऱ्यो चिप्लेर ।

९.
बादलु सप्को
प्यारी ओढ्न सक्दिनन्
तप्काइ झार्छे ।

१०.
जीवन घडी
रहस्य बुझ्नु पूर्व
हावामा लिप्त ।

११.
प्राण पखेरू
क्षणिक तामझाम
गुँडकै मोह ।

१२.
रुष्ट खहरे
शीतले तृप्त हुन्नन्
चाह साउन ।

१३.
गहिरो प्रीति
डुब्छ उत्रन्छ याद
सिरानी साथी ।

१४.
सौन्दर्य खिच्छ
आकर्षक भ्रमर
अवाक फूल ।

**चागुनारायण नपा-२, भक्तपुर ।**



## श्रीकृष्ण शर्मा

१.
तृषित मौरी
चुनावी फूलबारी
माकुरे जालो ।

२.
कृष्ण र राधा
वृन्दावनको चिनो
मायाको मह ।

३.
पीडित सूर्य
प्रगतिको मार्गमा
कालो बादल ।

४.
गरिबी मार
देशको मुख हेर्ने
फुटेको ऐना ।

५.
भ्रष्ट आचार
रूखमाथि ऐंजेरू
मुटुको काँडा ।

६.
शिक्षा दलाल
सरस्वतीका अरी
रक्त प्रमेह ।

७.
कालो धनमा
जनताको विचार
बल्छीको माछा ।

८.
गलत कार्य
सन्तानलाई हानि
कोपिला नाश ।

९.
फूलमा मौरी
जवानीको रसले
बन्दछ मह ।

१०.
चुनावी खेल
रातैरातको चक्र
मृत प्रभात ।

११.
दुःखी जीवन
ओइलेको गुराँस
रद्दी सुवास ।

१२.
रूपको प्यार
निम्छरो आकर्षण
सस्तो नाटक ।

१३.
धनको टेको
देखावटी सम्बन्ध
दुःखमा अन्त्य ।

१४.
चिन्ताको आगो
जिउँदो मानिसको
कालो खरानी

**पोखरा ।**

## श्रीराम स्वधर्म

१.
गर्भिणी वृक्ष
सँगसँगै हुर्किंदै
जन्म र मृत्यु ।
२.
कोपिला फूल
ऐंजेरू जेलिएर
फुल्न सकेन ।
३.
सडक फूल
सवारी ध्वनिबीच
फुलिरहेछ ।
४.
बाल-पीपल
पुराना पात झरे
पूर्ण वसन्त ।
५.
प्वाँख छिमल्दै
सेता, काला परेवा
युद्ध र शान्ति ।
६.
बेगम बेली
छपक्कै फुलेको छ
बाटै छेकेर ।
७.
पहाडी रङ
बाटैभरि पोखिन्छ
लालीगुराँस ।
८.
लाजको बर्को
शिर पाउ धपक्कै
लालीगुराँस ।
९.
रूखको हाँगा
माकुरो जालोभित्र
मृत माकुरा ।
१०.
पङ्खी धमिरा
मन्दिर भरि उड्दै
अन्तिम तीर्थ ।
११.
हिउँको टोपी
लगाएर मख्ख छ
सल्लाको रूख ।
१२.
घामको झुल्को
छानाबाट खस्दैछ
जमेको हिउँ ।
१३.
चितामा ठोस्दा
झिल्काहरू बिलाए
खोज्दै गन्तव्य ।
१४.
घर-आँगन
उम्रियो झारपात
बुढेसकाल ।

**नुवाकोट, हाल-काठमाडौं ।**



## सुनील पुरी

१.
आऊ ए ! जून
गोधूली किरणमा
सुटुक्क बस ।
२.
एकाग्र मन
ब्रह्माको कचहरी
मुक्तिको बोध ।
३.
जङ्गलमाझ
बूढो रूखको दशा
प्रकृति मौन ।
४.
मानव गाथा
साकुराको बोटमा
नफुल्दै झर्छ ।
५.
कलाको सिँढी
भादगाउँले टोपी
सगरमाथा ।
६.
ध्यानमग्नमा
ठिङ्ग सेतो बकुला
ढुङ्गाको माथि ।
७.
हेर मान्छे हो
झ्याउँकिरी बासेन
आजको साँझ ।
८.
शङ्खको आवाज
घन्कदो नादभित्र
परमानन्द ।
९.
हिमाली ऐना
चर्कादा भुइँभरि
स्वाभिमानमा ।
१०.
गुफाप्रवेश
भैरवको नृत्यमा
माछाको ताल ।
११.
उपत्यकामा
कङ्क्रिटको जङ्गल
खै हरियाली ?
१२.
परेवा घुर्छे
उषा लालीकिरण
मूर्तिको प्रश्न ।
१३.
भोकको आँसु
उमालौं अगेनोमा
तताऊँ पेट ।
१४.
हिलाम्य दह
हाँस्दै फुल्छ कमल
सुनीलजस्तै ।

## हरिशरण ढुङ्गाना

१.
मृत शरीर
फूलैफूलको वर्षा
रुन्छन् आफन्त ।
२.
वरको हाँसो
जन्तीको लस्कर
रुन्छिन् दुलही ।
३.
लुटको धन
कोरोनाको कहर
फुपूको श्राद्ध ।
४.
छोरा र छोरी
पढाइमा लगानी
विदेशी भिसा ।
५.
बालेन जित्छन्
माछो माछो भ्यागुतो
क्या राजनीति ।
६.
चुनाव भयो
चोक्टा खाएका नेता
झोलमा डुबे ।
७.
स्थानीय कर
नेतालाई तलब
क्या सङ्घीयता !
८.
हैम संस्कृति
उदार र प्राचीन
पल्कँदै माछा ।
९.
